शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

गौतमबुद्ध मिडिया प्रा.लि.द्वारा सञ्चालित

रेडियो रिपब्लिक ८८.२ आवाज नेपाली को

प्रधान कार्यालय: नारायण पथ, भैरहवा

फोन नं.: ०७१-५२५४३२

वर्ष ६ | अंक: १९६ | २०७७ पुष १९ गते, आइतबार | 3 Jan. 2021 Sunday | पृष्ठ संख्या: ४ | मूल्य रु. : ५


## २०२० : सुन लगानीकर्ताले इतिहासमै सर्वाधिक कमाएको वर्ष


**गौतमबुद्ध सन्देश**
**काठमाडौं, पुष १८**


सुनका लगानीकर्ताले सन् २०२० मा इतिहासकै सर्वाधिक लाभ लिएका छन् । यस वर्ष सुनको भाउले नयाँ रेकर्ड कायम गर्‍यो । वस्तु तथा विनिमय बजारका लगानीकर्ताले यस वर्ष सर्वाधिक लाभ लिन सफल भए । अन्तर्राष्ट्रिय बजारमा सुनको भाउ सन् २०११ मा प्रति औंन्स १८५६ डलर थियो। त्यसयता सुनको भाउ लगातार गिरावट हुँदै आएकोमा कोभिड-१९ का कारण सुनको भाउले नयाँ रेकर्ड बनाएको छ। सुनको भाउ सर्वाधिक उचाइमा पुग्ने क्रममा सन् २०२० को जुलाइमा प्रति औंन्स २०७० डलर सम्म पुग्यो । यस क्रममा सुनको कारोबार गर्ने लगानीकर्ताले अत्याधिक कमाउन सफल पनि भए ।



सुनको भाउलाई सबैभन्दा धेरै कोभिड-१९ को विश्वव्यापी महामारीले उत्पन्न गराएको आर्थिक मन्दी, अर्थतन्त्रबारे व्याप्त संशय, अनिश्चय, चीन र अमेरिकाबीचको बढ्दो तिक्तताका, त्रास लगायतका कारणले प्रभावित पार्‍यो। सुनमा गरिएको लगानीलाई अनुत्पादनमुलक क्षेत्रमा गरिएको लगानीको रुपमा हेरिन्छ । त्यसैले गर्दा सुन जहिले पनि अन्योलका बेला धेरै फस्टाउँछ । यसै क्रममा विश्वकै लगानीकर्ताहरूको मन विथोलियो । सेयर बजार तथा अन्य क्षेत्रमा लगानी गर्न छाडेर सुनमा आफ्नो सम्पत्ति पार्किङ गर्न थाले । यसै क्रममा विश्व बजारमै सुनको माग अत्याधिक आउन थाल्यो । यति नै बेला विश्वका केन्द्रीय बैंकहरुले सुनको मौज्दात बढाउने नीति लिए ।

उक्त नीतिपछि बजारमा सुनको अत्याधिक माग बढ्न थाल्यो । तर सुन उत्पादन गर्ने खानीहरु कोभिड-१९ का कारण बन्द भए । खानी नै बन्द हुँदा सप्लाइ रोकियो र बजार मा सुनले दिनदिनै नयाँ नयाँ रेकर्ड बनाउन थाल्यो । सँगसँगै कोभिड-१९ का कारण अमेरिकी अर्थतन्त्र र अमेरिकाको मुद्रा बजार कमजोर भयो। डलरमा लगानी गर्नेहरु सुनमा लगानी गर्न थाले ।

कोभिड-१९ को खोप तयार भएको समाचार बजारमा आउन थालेसँगै पुनः सुनको भाउ गिरावट हुन थाल्यो। यसै क्रममा सन् २०२० को जुलाइमा प्रतिऔंन्स २०७० डलर

➤ बाँकी ३ पेजमा...

## दाहाल–नेपाल समूहद्वारा दोस्रो चरणको आन्दोलन घोषणा


**गौतमबुद्ध सन्देश**
**भैरहवा, पुष १८**


संसद विघटनको विरोधमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पुष्पकमल दाहाल प्रचण्ड-माधव कुमार नेपाल समूहले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ । संसद विघटनपछि सडकमा आएको प्रचण्ड-माधव समूहले नेपाली कांग्रेस र जनता समाजवादी पार्टी नेपाल ( जसपा) सँग मिलेर संयुक्त आन्दोलन घोषणाको प्रयास गरेको थियो। तर कांग्रेस नेतृत्वले केन्द्रीय कार्यसमिति बैठक नसकिएको भन्दै संयुक्त आन्दोलनमा रुची देखाएन ।

दाहाल-नेपाल समूहका केन्द्रीय संघर्ष समितिका संयोजक नारायणकाजी श्रेष्ठ प्रकाशले भने, 'यो असंवैधानिक कदम हो भन्नेमा हाम्रो समान धारणा रह्यो, तर कांग्रेसले केन्द्रीय कमिटी बैठकले निर्णय नगरेका कारण संयुक्त संघर्षको स्थिति रहेन ।' आ-आफ्नो कार्यक्रम जारी राख्ने र संयुक्त रुपमा प्रहार गर्ने समझदारी भएको श्रेष्ठले बताए । साथै उनले संवैधानिक अंगहरुलाई दबावमा राखेर काम गर्ने स्थिति नहोस् भनेर खबरदारी गरे। 'स्वतन्त्र ढंगले काम गर्ने वातावरण होस् । हस्तक्षेप र दबाव नहोस्' उनले भने, 'हाम्रो सेटिङमा काम गर्छन् भनेर संवैधानिक अंगका पदाधिकारीलाई अपमानित गर्ने स्थिति नहोस् भनेर वातावरण बनाउन चाहन्छौं ।'

केके छ आन्दोलनका कार्यक्रम ?

दाहाल-नेपाल समूहको प्रतिगमन विरोधी केन्द्रीय संघर्ष समितिले शनिबार पत्रकार सम्मेलन गरी पुस २० देखि माघ २३ गतेसम्मका आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । घोषित कार्यक्रममा प्रधानमन्त्रीलाई संविधानको पुस्तक दिनेदेखि सबै तहमा प्रदर्शन गर्नेसम्म छन् । २४ पुसमा सबै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई विरोध पत्र र संविधानको पुस्तक दिने र राष्ट्रका नाममा क्षमायाचना गरी गलत कदम सच्याउन अनुरोध गर्ने उक्त समूहले बताएको छ ।

- पुस २० गतसम्म पालिकास्तरमा र २५ गतेसम्म वडा तरमा पार्टी भेला र संघर्षसम्बन्धी अभिमुखीकरण कार्यक्रम ।
- पुस २५ गतेसम्म प्रदेश, जिल्ला, पालिका र वडा स्तरमा संघर्ष समिति गठन ।
- पुस २१ गते संघीय राजधानी र विभिन्न शहरी

➤ बाँकी ३ पेजमा...






## प्रधानन्यायाधीश विरुद्धको मुद्दा प्रधानन्यायाधीशकै इजलासमा !


**गौतमबुद्ध सन्देश**
**काठमाडौं, पुष १८**


गत शुक्रबार संवैधानिक इजलासमा पेसी चढेको संवैधानिक परिषदसम्बन्धी अध्यादेश खारेजीको माग राखेर दर्ता भएको रिटमाथि सुनुवाई भएन । राष्ट्रपति कार्यालयबाट ३० मंसिरमा जारी संवैधानिक परिषद् (काम, कतृव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश बदरको माग राखेर वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता ओमप्रकाश अर्यालद्वारा छुट्टाछुट्टै रिट दायर भएका थिए । तर, दुबै रिटहरू संवैधानिक इजलासको 'हेर्न नभ्याइने' सूचीमा परे ।

पुस १ गते दर्ता भएको यो रिट 'हेर्न नभ्याइने' मा परेको यो दोस्रो पटक हो । यसअघि ३ पुसमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भरप्रसाद श्रेष्ठ सम्मिलित संवैधानिक इजलासले 'हेर्न नभ्याइने' मै राखेको थियो । दोस्रो पटक शुक्रबार प्रधानन्यायाधीश जबरा, न्यायाधीशहरु मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र सपना प्रधान मल्लसहितको इजलासले रिट हेर्न नभ्याएको हो ।

संविधानसँग बाझिएको अध्यादेश अमान्य र बदर घोषित गरी उत्प्रेषण, प्रतिषेध लगायतका आवश्यक अन्य आदेश माग गरिएको रिटका एक प्रतिवादी प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा स्वयं हुन् । अधिवक्ता अर्यालद्वारा दायर रिटमा संवैधानिक परिषदका संविधानको धारा २८४ ( १) (ख) बमोजिम सदस्य रहेका प्रधान न्यायाधीशलाई विपक्षी बनाइएको छ । 'उक्त असंवैधानिक अध्यादेश राजपत्रमा प्रकाशित नहुँदै बोलाइएको संवैधानिक परिषदको बैठक, त्यसले गरेका काम कारवाही समग्र रूपमा उत्प्रेषणको आदेशले बदर गरी पाऊँ' अर्यालले रिटमा भनेका छन्, 'साथै, उक्त असंवैधानिक अध्यादेशका आधारमा हुने संवैधानिक परिषदको बैठकमा सहभागी नहुनु र संवैधानिक नियुक्तिसम्बन्धी वा अन्य कुनै निर्णय नगर्नु नगराउनु भनी प्रत्यर्थी पदाधिकारीहरूका सम्बन्धमा प्रतिषेध वा अन्य उपयुक्त आदेश जारी गरी पाऊँ ।'

रिटमा प्रधानन्यायाधीश जबरालाई समेत अध्यादेशको आधारमा हुने संवैधानिक परिषदको बैठकमा सहभागी नहुन भनिएको छ । त्यतिमात्रै होइन, जबरासहित तीनजनाले गरेको निर्णय खारेज गर्नसमेत माग गरिएको छ । तर, संवैधानिक इजलासले रिटमा गरिएको मागदाबीको पक्षमा फैसला

➤ बाँकी ३ पेजमा...

## सम्पादकीय

# उद्योगी माथिको धरपकड

प्रहरीले लुम्बिनी चिनी उद्योग प्रा.लि.का संचालक मनोज अग्रवाललाई उखु किसानलाई ठगी गरेको अभियोगमा पक्राउ गरेको छ । तीन दिनअघि सरकार र ऊखुको बक्यौता भुक्तानीका लागि आन्दोलनरत किसानबीच २१ दिनभित्र किसानको रकम उपलब्ध गराउने सहमतिपछि आन्दोलन स्थगित भएको थियो । अग्रवालको उद्योगले किसानलाई करिब १७ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको छ । गत वर्ष पनि यही समयमा किसानले उखु विक्रीको भुक्तानी माग गर्दै आन्दोलन गरेका थिए । त्यसबेला सरकार, उद्योगी र किसानबीच भएको वार्तामा बक्यौता भुक्तानी दिने सहमति भएपनि किसानले अझै पाउन सकेका छैनन् । पाँच वर्ष अघि उखु खरिद गरेका उद्योगले किसानलाई भुक्तानी नदिएकाले पीडित किसानले यसपटक पनि आन्दोलन गरेका थिए । उखु किसानले पुसको जाडोमा काठमाण्डौंमा भेला भएर आन्दोलन सुरु गरेलगत्तै सरकारले भुक्तानी नदिने उद्योगीलाई पक्राउ गर्न प्रहरीलाई आदेश दिएको थियो । अग्रवाल सरकारी आदेशलगत्तै फरार रहेकोमा बिहीवार वीरगञ्जबाट पक्राउ परेका हुन् ।

नेपालमा लुम्बिनी चिनी उद्योगसहित करिब १५ वटा चिनी कारखाना संचालनमा रहेका छन् । दुई दशक यता किसानलाई चिनी उद्योगले उखु किनेवापत नियमित भुक्तानी नदिई सास्ती दिइरहका छन् । उद्योगीलाई चिनी बिक्रीमा समस्या नहोस् भनेर सरकारले आयातमा कडाई गर्दै आएकोले विक्रीको कुनै समस्या छैन । यस वर्ष पनि उद्योगहरुमा चिनी विक्री सकिएर स्टक रित्तिएको छ । उत्पादित चिनी बेचेर आम्दानी गर्ने, किसानलाई पाँच वर्षदेखि भुक्तानी रोक्ने कार्य उद्योगीको ठगी धन्दा हो । तर, सरकारले उद्योगीलाई धरपकड गर्ने भन्दा पनि वक्यौता भुक्तानी उपलब्ध गराउन दवाव दिनुपर्छ । हुन त लुम्बिनी चिनी कारखानाले स्वामित्व सम्बन्धि विवादका कारण भुक्तानी रोकिएको दावी गरेको छ । मनोज अग्रवालकी भाउजुको नाममा उद्योग रहेको भएपनि अंशबण्डामा मनोजको भागमा परेको बताइन्छ । मजोजले किसानको पुरानो वक्यौता तत्काल उपलब्ध गराउनुपर्छ । ऊखु किसानले हालै गरेको आन्दोलनमा सबै क्षेत्रबाट व्यापक समर्थन आएको थियो । अझ सर्लाहीका एक किसानले त वक्यौता भुक्तानी तत्काल नपाएपछि हृदयघात भएर ज्यान गुमाएका थिए । किसानहरु बैंक तथा वित्तीय संस्था र सरसापटी तिर्न, घर व्यवहार चलाउन नसकेर असह्य भए पनि मात्र आन्दोलनमा उत्रिएका हुन् । घरायसी समस्या र ऋण तिर्न नसक्दा पेशाबाटै विस्थापित हुने अवस्थामा पुगेका किसानलाई २१ दिनभित्र भुक्तानी नदिए उद्योगीलाई पक्राउ गरी जेलमै हाले पनि हुन्छ । तर, भर्खर मात्र कोभिड महामारी र लकडाउन सकिएर वातावरण सहज बन्दै गरेको हुँदा आजको भोलि भुक्तानीका लागि रकमको जोहो गर्न उद्योगीलाई समस्या हुन सक्छ । सरकारले उद्योगीलाई दिएको समय सीमासम्म अपराधी सरह व्यवहार नगर्दा उद्योग व्यवसायप्रतिको सम्मान ठहर्छ ।

## हाम्रो अनुरोध

आदणीय पाठक वर्ग, विज्ञापनदाता, लेखक, शुभेच्छुक ज्यूहरू गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिक तपाईंहरूको आफ्नै पत्रिका हो । तपाईंहरू सँग सरकारी/गैसरकारी जुनसुकै संस्था, सार्वजनिक पदमा रहेका व्यक्ति सँग सम्बन्धित बेथिती, अनियमितता वा कुनै गुनासाहरू छन् भने हामीलाई सूचना दिनु होला । साथै तपाईं सँग समसामयिक लेख–रचना, समाचार बन्न लायक सूचना/जानकारी छन् भने पनि सम्पर्क गर्नुहोला । साथै पत्रिकालाई कुनै राय सुझाव भएमा जानकारी गराउनु होला । तपाईंका विचारहरूलाई हामी उचित स्थान दिने छौं ।

**सम्पादक**

**ईमेल** : gbsnews7@gmail.com

# कृषि : राष्ट्रको दरिलो आर्थिक आयाम



सुनिता रोका

हाम्रो ठाउँ विविधीकरण खाद्यान्न तथा अन्नबाली उब्जनी हुने ठाउँ नै हो । त्यसैले खेतमा पोटिलो धानहरु लहराइरहेको, बारीमा थरीथरीको हरियै लोभलाग्दो तरकारीहरु, जुठेल्नोको बगैंचामा केरा, आँप, सुन्तला लटरम्मै फलफूल हुने गरेको ।

घरमा अन्न भरिएर बाहिर मकैको गाँड अनि थांग्रो झुन्डिएका, कन्दमुल समेत बारीमै पाइने, आँगनभरि कुखुरा, परेवा चर्दा, कुलोको छेउमा हाँस ढल्किएका । गोठभरि लइनो गाइभैंसी, बाख्रा, भेडा यस्तै यस्तै नै त हुन् सम्पन्न किसानको तरल सम्पत्ति, तथा निरन्तर आम्दानी हुने दह्रो स्रोत ।

आफ्नै हातले बुनेका सुकुल गुन्द्री, डाला(नाङ्ला र रुवाबाट तकेका सिरक डसना । बुनेको धागोबाट तयारी खाडीका लुगा लगाउने निकै सम्पन्न हामीहरुको यो कथा सत्ययुगको होइन, यही समयको नै हो । विक्रीका लागि नजिकै लाग्ने हाटबजार, अनि अलि पर रहेको ठूलो बजारहरुबाट धेरै आम्दानी गर्ने हाम्रो चलन हामीहरुले विविध उत्पादन र विशिष्ट उत्पादन दुवैका पारखी नै हौं ।

यो हाम्रो सफलतालाई उचाइमा लैजानुपर्ने आवश्यकतामाथि हामी जानाजान हुँदाहुँदै गर्दा पनि हाम्रो सोचाइ(योजना र कार्यदिशा(गराईबीचको ठूलो खाडलले त्यो परिणाम नरहने स्वाभाविक थियो ।

पहाडी, हिमाल र तराई जुनसुकै पाटोबाट

हामी कृषि उत्पादनलाई मात्र लिँदा निकै धनी हामी, हाम्रो परिवारलाई खपत भएपछि अन्य आम्दानी तर्फ अग्रसर हुन्थ्यौं, हामीलाई प्रमुख खाद्यान्न र अन्य बालीको लागि हाम्रै आन्तरिक बजारको मुख ताक्नु पर्ने थिएन ।

हिमालमा हामी हाम्रो उत्पादनले अतिथिहरुको स्वागत गरेर सन्तुष्ट बनाएर अन्य आम्दानी गर्ने गर्थ्यौं । त्यो समय अहिले रहेन । यही पुस्ताको केही दशकदेखि मात्रै, यस्लाई चटक्कै छाडेर वा केही रुपमा मात्रै गरी उत्पादन गरेर हामी झारा टारेर सन्तुष्ट हुन खोज्दै छौं ।

सुस्त गतिमा लाग्ने कृषिको पाटो हेर्दा हेर्दै बाँझो मात्र नराख्ने वा कम उत्पादन हुने क्षेत्र तिर लागिसक्यो । हिजोभन्दा आजको कृषिको अवस्था अझ खस्कदो नै छ । कारण उत्पादकत्व वृद्धि गर्न सक्ने विविध कारणहरु माटोलाई मलजल, पानी, विषादी, बिउ आदि जान्दा जान्दै पनि त्यस समस्यालाई हामीले निर्मूल गर्न सकेनौं ।

त्यसको अवसर दिलाउन राजनैतिक प्रतिबद्धता र सरकारमा संञ्चालन गर्नेहरुको जाँगर रहेन जस्को प्रत्यक्ष रुपमा असर कम उत्पादन हुन गयो । कम उत्पादनसँग जोडिएको न्यून आम्दानीले न्यून ज्याला दिलाउने हुँदा श्रमिकहरु जेनतेन धान्ने वा विकल्प खोज्नुपर्ने बाध्यतामा पुग्ने यथार्थ सत्य हो जुन मानवशक्तिलाई अन्य क्षेत्रले समेत उत्पादनमा अर्ध, वा पूर्ण रुपमा लगाउन सकेन र बेरोजगारीको ठूलो संख्या रहेको छ ।

त्यसैले त कृषक पेशा निर्वाहका लागि गरिने, भूमिको उच्चतम प्रयोग गर्न नसकिएको, दशकौंदेखि मौसममै आधारित खेती हुने, हरेक वर्ष आइपर्ने खडेरी वा भारी वर्षातको विपदका कारण आइपर्न सक्ने नोक्सानीका लागि पर्याप्त पूर्वतयारी नहुने, दैनिकी रुपमा पशुपालनको औषधी उपचारको उपलब्धता नहुनु या खर्चिलो हुने कारणले पनि उत्साहजनक उत्पादनमा कमी आउँदै गयो । यस क्षेत्रको अध्ययन तथा अनुसन्धान र सूचनाको त्यत्रो महत्व दिइएन । सांस्कृतिक हिसाबले खेतबारीमा काम गर्ने पेशा सम्मानको प्राथमिकतामा नरहेको, यद्यपि ६६ प्रतिशत भन्दा बढी जनसंख्या रहेको यस क्षेत्रमा धेरैभन्दा धेरै अवसरहरु सृजना गर्न सक्नु पर्थ्यो तर गरिएन । परम्परागत तरिकाले भए पनि किसानले कृषिलाई धान्दै गए तर उल्लेखनीय हासिल केही भएन ।

बढी उत्पादन हुने तराई जस्ता क्षेत्रहरुमा बजारसम्म पुर्याउन खर्चिलो यातायात, भण्डारणको कमी, सही मूल्यदर हात नपर्ने कारणले यस प्रति निरन्तर लाग्न प्रेरित गर्न सकेको छैन । यस क्षेत्रमा परम्परादेखि लागिरहने किसान र व्यावसायिक खेती गरेर केही गर्न तम्सने युवाहरुलाई सरकारले प्रेरित गरिरहनको लागि आजैदेखि संवेदनशील बन्न जरुरी छ ।

हरेक आर्थिक वर्षमा यस कृषि क्षेत्रमा अन्य क्षेत्रमा बनेका नीतिहरु बिना स्वार्थ लागू हुनु जरुरी छ । योजना कार्यान्वयन हुनु जरुरी छ र आजभन्दा भोलि उपलब्धी हासिल हुने क्रम दोहोरी नै रहन जरुरी हुन्छ ।

आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

आर्थिक वर्ष ०७७/०७८ मा नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रम प्रस्तुत गर्यो,

क) कोभिड महामारी रोकथाम, नियन्त्रण तथा संक्रामक तथा रोगबाट जीवनरक्षा आदि ।

ख) समृद्ध नेपाल, सुखी नेपालीका लागि उपलब्ध साधनको उच्चतम प्रयोग कार्यक्रम ।

ग) आधारभूत आवश्यकता, भौतिक पूर्वाधार, दिगो विकास, सुशासन आदि ।

घ) विभिन्न स्वास्थ्य कार्यक्रम, निरोगी स्वास्थ्यसेवा, निःशुल्क स्वास्थ्य परीक्षण । स्वास्थ्य पूर्वाधार निर्माण ।

ङ) उद्यमशील तथा शिक्षा कार्यक्रम। समाजवादउन्मुख अर्थतन्त्र ।

च) वन विविधिकरण तथा उपयोग। विरुवा उत्पादन तथा वितरण

छ) नमुना कृषि वन निर्माण, जडिबुटी प्रशोधन ।

उपर्युक्त नीति तथा कार्यक्रम सम्पन्न गर्नको लागि यस आर्थिक वर्ष २०७७/७८ मा १७ खर्ब ५९ अर्ब ६ करोडको बजेट विनियोजन पेश गरिएको थियो। बजेट सफलतापूर्वक कार्यान्वयन हुँदा, चालु नेपाल सरकारको आयोजनाहरुको सम्पन्नता, संक्रामक रोग नियन्त्रण तथा मानवीय क्षतिमा कमी, स्वास्थ्य क्षेत्रमा उल्लेख्य प्रावधानहरुको व्यवस्था, कृषि क्षेत्रमा सुधार हुने सम्भावना देखिन्थ्यो ।

तर नीति तथा योजनामा आशा लाग्ने कामहरुको लिष्ट भएता पनि, योजनाहरुको कार्यान्वयनको सन्दर्भमा स्वार्थीपना र कल्याणकारी लक्ष्य नभएको विभिन्न विवादित घटनाक्रम र चालेका कदमहरुले प्रमाणित गरिदिएका छन् ।

विभिन्न बजेट बिनियोजन गर्ने सन्दर्भमा नै स्वार्थी भइ जानाजान त्रुटी गरी बजेट कार्यान्वयनको सही दिशा नै विमुख हुने गरी खर्च शिर्षकहरु तय गर्ने गरेको अर्को कार्यान्वयनको पक्ष आएपछि जनताको र योजनाको मर्म अनुरुप नभइकन विमुख भइ आफूखुशी लागु गर्ने निर्णयले नागरिकहरुको जनजीवनको स्तरमा खासै प्रभावकारी सुधार हुन नसकेको यकिनका साथ भन्न सकिन्छ ।

**आर्थिक आयामहरु**

प्रमुख आर्थिक परिसूचकहरु राष्ट्रिय आम्दानी, देशभित्रको उत्पादन तथा कुल ग्राहस्थ उत्पादन, व्यक्तिको आम्दानी, गरिबीको अवस्था र आम्दानी वितरणको अवस्थालाई लिइन्छ । तीमध्ये देश भित्रको उत्पादनमा कृषिजन्य वस्तुको उत्पादनले दैनिक उपभोग्य वस्तुहरुको उपलब्ध गराउँछ भने औद्योगिक क्षेत्रलाई कच्चा पदार्थहरु उपलब्ध गराउँछ ।

नेपालले केही मात्रामा मात्र कृषिजन्य वस्तुहरु निर्यात गर्न सकेको छ भने देशभित्र पूर्ण रुपमा आपूर्ति गर्न सकेको छैन। विभिन्न आर्थिक विश्लेषणकर्ताहरुको अनुसार नेपाल सरकारले, नेपाली तथा नेपाल आत्मनिर्भर हुनलाई स्वउत्पादन तथा उपभोगलाई जोड दिनु आवश्यक छ ।

कृषि उत्पादनले दैनिक जनजीवनयापनका लागि सुविधा प्रदान गर्ने हुँदा यो दिगो विकासको एउटा मुख्य आयाम हो । दिगो विकासका लागि आफ्नो स्रोतहरु जलस्रोत, मानवस्रोत, भूमि आदिको उच्चतम प्रयोगको आवश्यक छ ।

कृषिको उत्कृष्ट विकल्पमा के त्यस्तो आत्मनिर्भरता सम्भव छ ? विभिन्न राजनैतिक परिवर्तनले पारिरहने दैनिक जनजीवनको असरलाई के अन्य क्षेत्रमात्रले सन्तुलित गर्न सम्भव छ ?

**२०२०...**

सम्म पुगेको सुनको भाउ वर्षको अन्तिम दिनसम्ममा १८९८ डलर सम्म झर्‍यो। अमेरिकाले कोभिड-१९ ले ध्वस्त बनाएको अर्थतन्त्रलाई सुधार गर्ने गरी नयाँ आर्थिक वर्षमा राहत प्याकेज ल्याउने चर्चाले सुनको मूल्यमा गिरावट आउने अनुमान गरिए पनि खासै तल झर्न भने सकिरहेको छैन । विश्लेषकहरुले सुनको भाउ १५ सय डलरसम्म तल झर्ने अनुमान गरिए पनि बजारमा सुनको सप्लाइ बढ्न नसक्दा भाउ खासै घट्न भने सकिरहेको छैन।

सुनको भाउ बढ्दा उपभोक्तालाई सबैभन्दा धेरै असर गर्छ। यसबाहेक अन्य पक्षलाई लाभप्रद हुन्छ । व्यवसायी, लगानीकर्ता र सरकारले सुनको भाउ बढ्दा यसबाट उचित लाभ उठाउछन् । लगानीकर्ताले सुनको भाउ तल-माथि हुँदा अन्य क्षेत्रमा आफ्नो लगानी डाइभर्स गर्न सक्छन्। तर परम्परागत रुपमा विवाह, ब्रतबन्ध तथा धार्मिक कार्यका लागि किन्नैपर्ने सुनको विकल्प उनीहरुसँग अरु हुँदैन । त्यसैले नेपाली बजारमा सुनको भाउ बढ्नु भन्दा घट्नुलाई बढी लाभप्रद मानिन्छ । तर अन्तर्राष्ट्रिय बजार मा व्यवसायीका लागि सुनको भाउ बढ्नुलाई राम्रो मानिन्छ। अर्कोतर्फ सुनको भाउ बढ्नुलाई अर्थतन्त्रको अवस्था कमजोर रुरहेको संकेतको रुपमा पनि विश्लेषण गरिन्छ।

अझै पनि विश्व अर्थतन्त्र कुन दिशामा अगाडि बढ्छ भनेर प्रष्ट रुपमा देखिन थालेको छैन्। अमेरिका तथा युरोपियन देशहरुले आफ्नो अर्थतन्त्रलाई अझै कसरी अगाडि बढाउँछन् भनेर प्रष्ट भइसकेको छैन। त्यसैले गर्दा व्यवसायीले अन्तर ाष्ट्रिय बजारमा खेलेर बसिरहेका छन्। कोरोना खोप आइसके पछि पनि कोभिड-१९ को भाइरसले नयाँ नयाँ स्वरुप परिवर्तन गरिरहेकाले अझै जोखिम बढ्ने हो कि भन्ने संशय कायमै छ। कतिपय देशमा अझै पनि कोभिड नियन्त्रणका प्रयास भइरहेका छन् । नेपाली बजारमा पनि सुनको भाउले नयाँ रेकर्ड कायम गर्ने क्रममा एक लाख तीन हजार पाँच सय

**दाहाल...**

केन्द्रहरुमा राजनीतिकपार्टीहरुसँग अन्तरक्रिया - २३ पुसमा नागरिक समाजसँग अन्तरक्रिया । - २४ पुसमा सबै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई विरोध पत्र र संविधानको पुस्तक दिने र राष्ट्रका नाममा क्षमायाचना गरी गलत कदम सच्याउन अनुरोध गर्ने । २७ पुसमा सुदूर पश्चिम, लुम्बिनी र प्रदेश १, २८ गते प्रदेश २, गण्डकी र कर्णाली तथा २९ गते बाग्मतीमा बृहत कार्यकर्ता भेला। - २८ पुसमा घर घरमा पर्चा वितरण, गाउँटोलमा कालो झण्डा गाड्ने र असंवैधानिक एवं प्रतिगामी कदमविरुद्ध सबै वडामा व्यानर राख्ने। - २९ पुसमा निर्वाचन क्षेत्रस्तरीय कार्यकर्ता भेला। - ३० पुसमा सबै वडामा विरोध प्रदर्शन र सभा। - ५ माघमा सबै पालिकाहरुमा विरोध प्रदर्शन र सभा। - १० माघमा राजधानी लगायतका सबै शहरी केन्द्रहरुमा मोटरसाइकल ¥याली।

- १६ माघमा प्रदेश १, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा र १७ गते प्रदेश २ मा विरोध सभा। - २२ माघमा वडा तहमा मसाल जुलुस। - २३ माघमा राजधानीमा विरोध प्रदर्शन।

# सेन्टिनियलद्वारा ५० विद्यार्थीलाई छात्रवृत्ति प्रदान




गौबुस, पुष १८ भैरहवा। लायन्स क्लब अफ सिद्धार्थनगर सेन्टिनियलले यस क्षेत्रका सामुदायिक विद्यालयका ५० जना गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। नेपालमा लायन्स स्थापनाको ५० वर्षको अवसर पारेर १२ वटा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको क्लबका सह-कोषाध्यक्ष प्रमोद रिजालले बताए। कार्यक्रममा प्रतिविद्यार्थी रु. २ हजार ५ सय प्रदान गरिएको रिजालले जानकारी दिए।

त्यस्तै कार्यक्रममा कोभिड-१९ महामारीमा योगदान पुर्‍याएको भन्दै जेसीआई सिद्धार्थ नेपाल, २०२० का अध्यक्ष मंगल भण्डारी र भीम अस्पताल भैरहवाका कोभिड फोकलपर्सन डा. आरिफ हुसेनलाई सम्मान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी टु, नेपालका डिष्ट्रिक गर्भनर शम्भु नकर्मी, पाष्ट डिष्टिक गर्भनर महेन्द्र नारायण श्रेष्ठ, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी टु, नेपाल एरिया-४ का हेड इभालुयसन टिम विनोद खरेल, नेपाल क्यान्सर सपोर्ट ग्रुपका केन्द्रीय उपाध्यक्ष दिलिप भट्टराई लगायतले बोल्दै लायन्स क्लबले शिक्षा र स्वास्थ्यलाई जोड दिदै आएको बताए। लायन्स क्लब अफ सिद्धार्थनगर सेन्टिनियलका अध्यक्ष राजेन्द्र थापाको अध्यक्षता, कार्यक्रम संयोजक तथा क्लबका प्रथम उपाध्यक्ष महेश नेपालको स्वागत, क्लब मार्केटिङ चेयरपर्सन सुष्मा क्षेत्रीको ध्वजा अभिवादन तथा सचिव विपिन साहको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# 'मानवलाई पुर्वीय दर्शन उपयोगी'

बुटवल, १८ पुस। (गौबुस)। पूर्वीय दर्शन मानव जीवनलाई उपयोगी र सिद्ध साबित भएको नयाँगाउँस्थित मुक्तिनाथ धामका पिठाधिस १००८ लोकानन्द स्वामीले दावी गरेका छन। विधिविधानबाट मानव जिउने कला सिकाउने काम पूर्वीय दर्शन गर्ने उनको भनाइ छ।

रोटरी क्लब अफ रुपन्देही तिलोत्तमाको ४ सय ५७ औ नियमित बैठक तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले प्रकृति र संस्कृतिलाई अप्नाउदा जीवनमा फाइदा मिल्ने समेत बताए। आहार, बिहार र निद्रालाई नियन्त्रण गरेमा जीवन मंगलमय हुने उनको दावी छ। समाज रुपान्तरणमा सामाजिक संघ-संस्थाहरुको योगदान महत्वपूर्ण रहेको बताए।

शुभ कामलाई आज र नराम्रो तथा अशुभ कामलाई भोलिलाई थाति राख्नुपर्ने उनको सुझाव छ। 'भोलिसम्म विचार सकारात्मक हुनसक्छ,' उनले भने। क्लबका अध्यक्ष गोपाल ज्ञवालीले शिक्षा र स्वस्थ क्षेत्रमा सरकारको सबैभन्दा बढी लगानी गर्नुपर्ने र साथमा व्यवस्थापन अनुगमन हुनुपर्ने बताए।

कार्यक्रममा क्लबका निवर्तमान अध्यक्ष कृष्ण प्रसाद शर्मा, पूर्वअध्यक्ष बालकृष्ण अर्याल, नवीन श्रेष्ठ, ओम प्रसाद अर्याल, सम्मानित सदस्य भुवनसिंह विश्वकर्मा, सचिव दिपक भट्टराई, कोषाध्यक्ष निरज श्रेष्ठ, रोट्रयाक्ट क्लब अफ रुपन्देही देवदहका निवर्तमान अध्यक्ष दिपेश अर्यालले क्लबबाट समाजका हरेक क्षेत्रमा कामहरु गर्दै आएको बताए। यसैबीच क्लबको वर्ष २०२०/२०२१ का अध्यक्ष विष्णु प्रसाद चापागाईं, उपाध्यक्ष निरज श्रेष्ठ, उपाध्यक्ष दिपक भट्टराई, सह-सचिव अर्जुन आचार्य, सदस्यहरु भगवती पाण्डे, केशव कुंवरलाई स्वामीबाट सम्मान गरिएको थियो।

# खेलाडी र प्रशिक्षकलाई नगद सहित सम्मान

बुटवल, १८ पुस। (गौबुस)। काठमाण्डौमा सम्पन्न छैटौं नेपाल जुनियर खुल्ला टेनिस प्रतियोगिता २०२० मा पदक विजेता रुपन्देहीका ३ जना खेलाडी तथा प्रशिक्षकलाई सम्मान गरिएको छ। शनिबार एक समारोहकाबीच रुपन्देही जिल्ला टेबल टेनिस संघका अध्यक्ष संजयप्रकाश श्रेष्ठले व्यक्तिगत रुपमा खेलाडी र प्रशिक्षकलाई जनही नगद ५ हजार रुपैयाँसहित सम्मान गरेका हुन।

खेलमा जित हासिल गरेका खेलाडीहरुको प्रोत्साहनका लागि नगदसहित सम्मान गरिएको अध्यक्ष श्रेष्ठले बताए। काठमाडौ सातदोबाटोस्थित लनटेनिस कोर्टमा पुस १२ गतेदेखि ४ दिनसम्म संचालन भएको प्रतियोगितामा रुपन्देहीका १० वर्ष उमेर समुहमा वृजेश अर्यालले स्वर्ण पदक, आठ वर्षमुनीमा निश्चल ज्ञवाली र ९ वर्षमुनीमा संघर्ष फौदारले कास्य पदक जितेका थिए।

प्रशिक्षक विकास खड्काले सम्मानबाट निक्कै हौसला बढेको भन्दै रुपन्देही जिल्लाका खेलाडीहरु भविष्य उज्वल रहेको बताए। प्रतियोगिता ८ देखि १४ उमेर समुहमा गरी ७ ईभेन्टमा खेल खेलाइएको थियो। खेलमा काठमाण्डौ, पोखरा र रुपन्देहीका एक सय खेलाडीहरु सहभागि भएका थिए। लनटेनिस खेलमा उमेर समुहका खेलाडी उत्पादनमा आफुहरु लागेको क्लबका सचिव गोपाल ज्ञवालीले बताए।

**मदिरा...**

मदिरा व्यवसायी संघ रुपन्देहीका अध्यक्ष शम्भु प्रसाद भट्टराईको अध्यक्षता, कार्यक्रम संयोजक किशोर पन्थीको स्वागत तथा महासचिव हिमालय भुसालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा ५० जनाले रक्तदान गरेको मदिरा व्यवसायी संघ रुपन्देहीका कोषाध्यक्ष भागिरथ पाण्डेले जानकारी दिए।


.9857069912/911/981
web site: bhumikasthanmun.gov.np

**भूमिकास्थान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची ।**
**सिलवन्दी दरभाउपत्र आह्वान**



**प्रथम पटक प्रकाशित मिति २०७७/०९/१९**

**भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची** अन्तर्गत तपसिल बमोजिमका विभिन्न निर्माण कार्य सिलवन्दी बोलपत्र/दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी बोलपत्र/दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७७/०७८ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित **सेञ्चुरी वैक हि.नं.०९०००००१३ जि.ई** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. खरिद भएको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसूग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्र/दर भाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ ।
३. सिलबन्दी बोलपत्र/दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित **सेञ्चुरी वैक हि.नं.०९००००००४ जि.इ** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको **म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)** को सक्कल प्रति पेश गर्नुपर्नेछ ।
४. सिलबन्दी बोलपत्र/दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।
५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।
६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र **९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९९९०** मा सम्पर्क गर्न वा **bhumikasthanmunicipality@gmail.com** मा पठाउन सकिनेछ ।
७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं. | ठेक्काको नाम | दरभाउपत्र दस्तुर रु. | लागत रकम (मु.अ.कर सहित) | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि | खरिद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 31/BMA/W/DM/2077/078 | तुषाराखोला रोटेपानी ड्याम सिंचाई वडा नं. ८ | १०००.०० | ९९९९१८.०४ | २५००० | ३५ दिन | २०७७/१०/४ कार्यालय समय भित्र | २०७७/१०/५ १२:०० बजे भित्र | २०७७/१०/५ दिउँसो १:०० बजे |
| 32/BMA/W/B/2077/078 | लक्ष्मी आधारभूत विद्यालय भवन निर्माण कार्य | १०००.०० | ९९९४८९.१३ | २५००० | | | | |
| 33/BMA/W/RM/2077/078 | थामापोखरा बैरापोखा लम्चीखोला बेलबोट मोटरबाटो स्तरोन्नति कार्य | १०००.०० | ४,९९,९७९.०४ | १२५०० | | | | |
| 34/BMA/W/FC/2077/078 | नयांपोखरा सिटेनी मूलपानी ठाकुरबासे खेलकुद फिल्ड निर्माण | १०००.०० | ४,९९,९९७.४० | १२५०० | | | | |
| 35/BMA/W/FC/2077/078 | चिदिचौर खेलमैदान निर्माण कार्य | १०००.०० | ९,९९,५०८.९६ | २५००० | | | | |

**घर, होटल, फ्याक्ट्री निर्माण सम्बन्धी सम्पूर्ण काम अब एउटै छातामुनी**





*नोट : स्काभेटर र टिप्पर भाडामा समेत उपलब्ध गराईन्छ ।*

**अष्टलक्ष्मी ईन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.लि.**

लुम्बिनी रोड, भैरहवा
फोन :९८६४८६१७११, ९८०४४६५९७९, ९८६७४९५४३७

# भैरहवामा ‘शम्भुजित बास्कोटा नाईट’ कार्यक्रम हुँदै

**गौतमबुद्ध सन्देश**
**भैरहवा, पुष १८**

जेसीआई सिद्धार्थ लेडी, नेपालको आयोजनामा ‘शम्भुजित बास्कोटा नाईट’ कार्यक्रम हुने भएको छ । गत २०७६ फागुन ३० गते विभिन्न कारणवश कार्यक्रम स्थगित भएकोमा जेसीआई सिद्धार्थ लेडी, नेपालले यही पुस २४ गते शुक्रबार उक्त कार्यक्रम गर्ने भएको हो ।

भैरहवास्थित होटल पौवामा पुस २४ गते बेलुकी ५ बजेदेखि कार्यक्रम शुभारम्भ हुने जेसीआई सिद्धार्थ लेडी, नेपालकी अध्यक्ष तुलसा भुसालले बताइन् ।

‘गत वर्ष टिकट विक्री गरेर पनि कार्यक्रम आयोजना गर्न सकेनौं, यसपटक कार्यक्रम गर्दैछौं, सबैको सहयोग र साथको अपेक्षा राखेका छौं, ’जेसीआई सिद्धार्थ, लेडी नेपालले भैरहवामा आयोजना गरेको पत्रकार सम्मेलनमा भुसालले भनिन् ।

सामाजिक उत्तरदायित्वका कार्यहरुलाई निरन्तरता दिदै आएको संस्थाले कोष अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गर्न लागेको कार्यक्रम संयोजक ईन्दिरा पन्तले बताइन् । कार्यक्रममा सहभागिताको लागि प्रवेश शुल्कवापत रु. एक हजार पाँच सय तोकिएको र उक्त रकममा सांगितिक कार्यक्रमसंगै खानाको समेत व्यवस्था रहेको उनले बताइन् । हालसम्म साढे ५ सय बढी टिकट विक्री भइसकेको पन्तले जानकारी दिइन् ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रेस क्लब सिद्धार्थनगर, रुपन्देहीका अध्यक्ष नरेश के.सी.ले सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरुलाई निरन्तरता दिएर जेसीआई सिद्धार्थ लेडी, नेपालले सराहनीय कार्य गरेको बताए । उनले कोष अभिवृद्धिमार्फत संस्थालाई थप रचनात्मक काम गर्न सहयोग पुग्ने बताए । कार्यक्रममा वरिष्ठ संगितकार शम्भुजित बास्कोटाको नेतृत्वमा १६ जनाको टोली आउने जेसीआई सिद्धार्थ लेडी, नेपालले जनाएको छ ।

# मदिरा व्यवसायी संघ रुपन्देहीको आयोजनामा रक्तदान

भैरहवा, १८ पुस । (गौबुस) । मदिरा व्यवसायी संघ रुपन्देहीको आयोजनामा शनिबार भैरहवामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । रगतको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक किशोर पन्थीले बताए ।

कार्यक्रममा बोल्दै नेपाल मदिरा व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष मृगेन्द्र गोविन्द श्रेष्ठले मदिरा व्यवसायीलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्ने बताए । उनले विभिन्न दानहरुमध्ये रक्तदान पनि महत्वपूर्ण दान भएको बताए ।

मदिरा व्यवसायी महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष खिम बहादुर खत्रीले स्थापनाकालदेखि नै मदिरा व्यवसायी संघले सामाजिक उत्तरदायित्वका कार्यलाई निरन्तरता दिदै आएको बताए ।

मदिरा व्यवसायी महासंघ लुम्बिनी प्रदेशका सचिव चिरिञ्जवी राउतले रगतको अभाव हुन नदिन विभिन्न संघ-संस्थाले नियमित रक्तदान कार्यक्रम गर्नुपर्ने बताए । मदिरा व्यवसायी संघ सिद्धार्थनगरका अध्यक्ष केशवराज ज्ञवालीले रगत दिएर मानिसको जीवन बचाउन सकिने भएकोले रक्तदान महत्वपूर्ण कार्य रहेको बताए ।

बाँकी ३ पेजमा...

## चिट्ठाको नतिजासम्बन्धि सूचना

आँखा शिविर सहयोगार्थ लायन्स क्लब अफ भैरहवा ग्रिन सिटीद्वारा सञ्चालित चिट्ठा कार्यक्रमको नतिजा यसप्रकार रहेको छ :

**प्रथम पुरस्कार :** रेफ्रिजिरेटर (फ्रिज) टिकट नं. : ३२१
**द्वितीय पुरस्कार :** टेलिभिजन टिकट नं. : ६०३
**तृतीय पुरस्कार :** मोबाइल टिकट नं. : १००
**चौथो पुरस्कार :** हिटर टिकट नं. : ६२९, ३४३, ३८२
**पाँचौ पुरस्कार :** राइस कुकर टिकट नं. : ९७७, १४७, ९४५, १३, ६५८
**छैठौं पुरस्कार :** घडी टिकट नं. : ५६३, ८२१, ७८८, ४४०, ८१७, ९४१, १२२, १५०, ८९४, ९३६

***पुरस्कार विजेताले नतिजा प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क गरी आफ्नो पुरस्कार लिनुहुन अनुरोध गरिन्छ । अन्यथा आयोजक जवाफदेही हुने छैन् ।***

सम्पर्क : ९८५७०१०८१९, ९८५७०२०७०७


**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ? यदि त्यसो हो भने हामी तपाइको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा
मो. ९८४७३२४७५५, ९८०४४०६२९७

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**आकर्षक जग्गा बिक्रीमा**

ठुटीपिपल लखनचोक देखि ४ कि.मी. पश्चिम जीतपुरमा रहेको १६ कठ्ठा जग्गामा कालोपत्रे (पिचबाटो) मा जोडिएको आकर्षक जग्गा तु-बिक्रीमा मूल्य रु.१७ लाख प्रति कठ्ठा । सिधा सम्पर्क, फोन.न : ९८४७०२२०१०





Pro. Pramod Kumar Raut
9847196480
9802696480
9846927701
H2O शुद्ध प्रशोधित पानीको उत्पादक
Aarushi
BEVERAGE INDUSTRIES
Siddharthanagar-12, Bhairahawa E-Mail: pkraut65@gmail.com
नोट: विवाह, पार्टी, भोज तथा अन्य शुभ अवसरमा पानी चाहिएमा हामीलाई सम्झनुहोस् । साथै होम डेलिभरीको व्यवस्था छ ।



ANCHOR
EURO ELECTRONICS
USHA
प्रो. जितेन्द्र Ph. 017-520289
9867001472
9826454383

**जीत इलेक्ट्रिकल्स कर्नर**

सि.न.पा.-१२, आवारोड, भैरहवा



बिजुलीको सम्पूर्ण सामानको उचित मूल्यमा बिक्रि एवं मर्मत गरिन्छ ।



**ट्वाईलेट सेफ्टी टंकी भरिएमा एक कल फोनको भरमा, सेवा घर घरमा**

**सूर्यपुरा सफा सेनेटरी**

प्रो. सियाराम मौर्या
मोबाईल नं.: ९८०७४३०८०१, ९८०७४३७८०६
गैडहवा-६, कानीजावा, रूपन्देही

आधुनिक मेसिनबाट सेफ्टीटंकी र नाला सफाईको लागि हामीलाई सेवा गर्ने मौका दिनुहोस । हजुरको एक कलको भरमा, सूर्यपुरा सफा सेनेटरी हजुरको घरमा ।



**आ-आफूलाई विकाररहित आत्मा-परमात्मा जानिरहेर अमर आनन्दै-आनन्द**


५ विकाररुप-दुःखलाई, सुखलाई, संसार जान्नुलाई, नजान्नुलाई अथवा संसारको आनन्दलाई सपनारुप -अवास्तव जानेर सनातन विकार रहित आत्मा पूर्वक परमात्मा रुपले राम्ररी जानेर रहिरहनुबाट नै अमर आनन्द सबैलाई सधैं मिलिरहने हुन्छ-हुन्छ । यसरी सर्वात्मा आफू हो-५ विकाररहित आनन्दै आनन्द ।

**‘अद्वैत प्रदीप’ बलराम जी.सी. ‘सरस्वती’**
**अध्यक्ष-अखण्ड सुख केन्द्र, भैरहवा, नेपाल**
**मो. नं.-९८४७०२०७१८**



**ट्रस निर्माण सम्बन्धी सम्पूर्ण कामको लागि**

**हाम्रा सेवाहरु :** ट्रष्ट मेटल डेक, फाईवर फिटिङ, ग्रिल, गेट, च्यानल, आल्मुनियम स्टिल तथा मेटल सम्बन्धी सम्पूर्ण काम सुपथ मूल्यमा गरिन्छ ।




**एस.के.मेटल स्ट्रक्चर, इन्जिनियरिङ उद्योग**

लुम्बिनी रोड, भैरहवा, फोन : ९८६४८६१७११, ९८०४४६५९७९, ९८६७४९५४३७


**गौतमबुद्ध मिडिया प्रा.लि.**द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्षः** खिम बहादुर खत्री, **कार्यकारी प्रमुख :** गुनाराम घिमिरे, **सम्पादक :** कुलमणि ज्ञवाली, **सह-सम्पादक :** रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय :** सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं. :** ०७१-५२४३३०, Email : gbsnews7@gmail.com (**समाचार**), gbsadd2018@gmail.com (**विज्ञापन**) **मुद्रण :** रूरू प्रिन्टिङ प्रेस, बुटवल